# विधुतिय माध्यमबाट सवारी चालक अनुमती पत्रको लागि स्वास्थ्य परिक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि निर्देशिका, २०८०

सवारी चालक अनुमति-पत्रका लागि सञ्चालनमा रहेको अनलाईन ड्राईभिङ्ग लाइसेन्स प्रणालीलाई थप परिमार्जन एवं स्तरोन्नति गरी विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीसँग इन्टरअपरेबिलिटी हुने गरी आवद्धता गरी स्वास्थ्य परिक्षण सेवा प्रवाहलाई थप छिटो, छरितो, सरल तथा प्रभावकारी बनाउन बाञ्छनीय भएकोले यो कार्यविधि निर्देशिका जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम "**विधुतिय माध्यमबाट सवारी चालक अनुमती पत्रको लागि स्वास्थ्य परिक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि निर्देशिका, २०८०**" रहेको छ ।

१.२ यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशकामा

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरु सम्झनुपर्दछ । यो शब्दले सवारी चालक अनुमति पत्र सम्बन्धी काम गर्ने यातायात व्यवस्था सेवा कार्यालयहरु समेतलाई जनाउनेछ ।

(घ) "विद्युतीय सूचना प्रणाली" भन्नाले यातायात व्यवस्था विभागले सवारी चालक अनुमति पत्रका लागि प्रयोगमा ल्याएको विद्युतीय सवारी चालक अनुमति पत्र प्रणाली सम्झनुपर्दछ । यो शब्दले अनलाइन ड्राइभिङ्ग लाइसेन्स आवेदन दर्ता प्रणाली र पर्सनलाइजेशन प्रणाली समेतलाई जनाउनेछ ।

(ङ) "युजर क्रेडेन्सियल" भन्नाले विद्युतीय प्रणालीमा पहुँच पुर्याउन सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइएको युजर आइडि तथा पासवर्ड सम्झनुपर्दछ ।

(च) "चिकित्सक" भन्नाले ऐनमा व्यवस्था भए बमोजिम सवारी चालक अनुमतिपत्रका लागि आवेदन गरेका व्यक्तिको स्वास्थ्य परीक्षणका लागि प्रदेश सरकार वा कार्यालयले तोकेका चिकित्सक सम्झनुपर्छ ।

महाशाखा प्रमुख

प्रदेश सचिव

३. स्वास्थ्य परिक्षणको छनोटः

३.१ नयाँ, बर्ग थप र नविकरणका सेवाग्राहीले प्रणालीमा लगइन गरी अन्य प्रक्रियाको समाप्ती भएपश्चात मेडिकल चेकजाँचको "म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु" भन्ने र "म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु" भन्ने विकल्प देखा पर्छ । त्यस मध्ये "म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु" भनी विकल्प छनोट गर्नुपर्नेछ ।तर प्रणाली पूर्णरुपमा तयार नभए सम्मको लागी "म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु" भन्ने विकल्प छनोट गरी सूचीकृत चिकित्सकवाट स्वास्थ्य परीक्षण प्रमाणपत्र प्राप्त गरी कार्यालयमा पेश गर्न सक्नेछन ।

३.२ सवारी चालक अनुमतिपत्रको आवेदन गर्न चाहेको र नियमानुसार आफू योग्य भएको वर्ग छनौट गरी सवारी चालक अनुमतिपत्रको लागि आवेदन पेश गर्न चाहेको कार्यालय र चिकित्सकको नाम ठेगाना छनौट गरी पेश गर्नुपर्छ । तत्पश्चात चिकित्सकको विस्तृत विवरण प्राप्त हुन्छ ।

३.३ आवेदकले चिकित्सकसँग भेट गरी स्वास्थ्य परीक्षण गराउनुपर्छ । चिकित्सकले नियमानुसार सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी आनलाईन आवेदनको मेडिकल प्रणालीमा लगइन गर्न आफ्नो व्यक्तिगत मोवाइल नम्बर र सम्भव भएसम्म ईमेल ठेगाना प्रणालीमा प्रविष्ट गर्ने ।

३.४ कार्यालय जानु अघि नै प्रणालीमार्फत आफैले स्वास्थ्य केन्द्रबाट मेडिकल चेक जाँच गराईसकेका सेवाग्राहीहरुले प्रविष्ट गरेका आफ्ना सबै विवरण ठिक भएमा फाराम दर्ता गर्नको लागि कार्यालय जानुपर्ने आवश्यकता हुँदैन । यस्ता सेवाग्राहीहरुको कार्यालय जाने मितिका दिन आवेदन तथा मेडिकल विवरण स्वतः दर्ता हुन्छ र सेवाग्राहीले अनलाइन प्रणालीको आफ्नो Dashboard मा गई विद्युतीय भुक्तानी प्रणालीमार्फत कार्यालय जाने मितिमा आफ्नो आवेदनको दर्ता शुल्क बुझाउन सक्नेछन् ।

३.५ आवेदकले चिकित्सकसँग भेट गरी स्वास्थ्य परीक्षण गराउनुपर्छ । चिकित्सकले नियमानुसार सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी आनलाईन आवेदनको मेडिकल चेकजाँच प्रणालीमार्फत स्वस्थ / फिट वा अस्वस्थ / अनफिट भएको जनाउनुपर्नेछ । साथमा मेडिकल रिपोर्ट समेत अपलोड गर्नुपर्नेछ।

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

४. चिकित्सकहरुलाई सूचीकृत गर्नुपर्ने तथा चिकित्सक सम्बन्धी अन्य व्यवस्थाः मन्त्रालयले सवारी चालक अनुमति - पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको स्वास्थ्य जाँचका लागि प्रत्येक आर्थिक वर्षमा चिकित्सकहरु सूचीकृत गर्नुपर्नेछ । सूचीकृत गर्ने प्रयोजनका लागि चिकित्सक छनौटको प्रक्रिया निम्नानुसार हुनेछ ।

४.१ मन्त्रालयले सवारी चालक अनुमति - पत्रका लागि आवेदन गरेका उम्मेदवारहरुको स्वास्थ्य परीक्षण गर्न ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको योग्यता पुरा गरेका सो कार्य गर्न इच्छुक चिकित्सकहरुबाट आवेदन माग गर्नेछ । त्यसरी आवेदन माग गर्दा चिकित्सकले पालना गर्नुपर्ने शर्त तथा लिन पाउने दस्तुर तोकी कम्तिमा सात दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

४.२ प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको योग्यता पुगेका र स्वास्थ्य परीक्षण सेवा प्रदान गर्न इच्छुक चिकित्सकले तोकिएका शर्तहरु पालना गरी मन्त्रालयमा आवेदन पेश गर्नुपर्नेछ ।

४.३ मन्त्रालयले चिकित्सकहरुबाट प्राप्त आवेदन छानविन गरी योग्यता पुगेका आवेदन स्वीकृत गर्नुपर्नेछ। यसरी चिकित्सक छनौट गर्दा सेवाग्राहीहरुलाई सहज रुपमा सेवा उपलब्ध गराउन दैनिक रुपमा सेवा लिने सेवाग्राही र चिकित्सकको हेरी आवश्यक संख्यामा चिकित्सकको संख्या छनौट गर्ने छ । सकेसम्म सेवाग्राहीलाई पायक पर्ने स्थानमा स्वास्थ्य परीक्षण सुविधा उपलब्ध गराउन सक्ने गरी आवश्यक संख्यामा चिकित्सक छनौटको व्यवस्था मिलाउन सकिनेछ ।

४.४ मन्त्रालयले आवश्यक संख्यामा चिकित्सकको संख्या छनौट गरी बाकी ५० प्रतिशत चिकित्सकलाई प्रतिक्षा सुचिमा समेत राख्न सक्नेछ ।

४.४ सूचीकृत भएका चिकित्सकहरुको विवरण र चिकित्सकको सेवा प्राप्त हुने स्थान सहितको विवरण सेवाग्राहीहरुको जानकारीका लागि अनलाईन ड्राईभिङ्ग लाईसेन्स आवेदन दर्ता प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

४.५ सूचीकृत भएका चिकित्सकहरुलाई मन्त्रालयले सवारी चालक अनुमति पत्र आवेदन प्रणालीमा पहुँच प्रदान गर्न लगईनआईडि उपलब्ध गराउनुपर्नेछ ।

४.६ चिकित्सकले सेवाग्राहीको स्वास्थ्य जाँच गरेपश्चात सो सम्बन्धी विवरण उक्त प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ। मन्त्रालयबाट आवश्यक पूर्वतयारी पूरा नभएसम्मका लागि चिकित्सकहरुले कागजमा आधारित स्वास्थ्यजाँच रिपोर्ट उपलब्ध

महाशाखा प्रमुख प्रदेश सचिव माननीय जयराम थापा मन्त्री

गराउन बाधा पर्ने छैन । त्यसरी कागजमा आधारित स्वास्थ्य जाँच रिपोर्ट उपलब्ध गराएको अवस्थामा सो रिपोर्ट स्क्यान गरी प्रणालीमा अपलोड गर्नुपर्नेछ ।

४.७ मन्त्रालयले विद्युतीय सेवा प्रवाहका सम्बन्धमा सुचिकृत चिकित्सहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

४.८ चिकित्सकले स्वास्थ्य परीक्षण गर्नुपूर्व सम्बन्धित सेवाग्राही नै स्वास्थ्य परीक्षणका लागि उपस्थित भए नभएको एकिन गरी सम्बन्धित सेवाग्राही नै स्वास्थ्य परीक्षणका लागि उपस्थित नभएको पाइएमा नजिकको प्रहरी कार्यालय र सम्बन्धित यातायात कार्यालयमा सूचना दिनुपर्नेछ ।

४.९ मेडिकल जाँच गरेवापत चिकित्सकले लिने दस्तुर प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

४.९ सवारी चालक अनुमति - पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको स्वास्थ्य जाँचका लागि आगामी आर्थिक वर्ष देखि ३ वर्षसम्मको लागि चालु आर्थिक वर्षको अन्त्यसम्म (असार मसान्त सम्ममा) चिकित्सकहरु सूचीकृत गर्नुपर्नेछ ।

४.१० अन्यन्त्र जे सुकै लेखिएको भएतापनि पहिलो वर्षका लागि स्वास्थ्य जाँचका लागि चिकित्सकहरु सूचीकृत आर्थिक वर्षको विचमा छनोट गरी चालु आ.ब. सगै आगामी ३ आर्थिक वर्षसम्मको लागि सम्झौता गर्न सकिनेछ ।

४.११ छनोट सेवा प्रवाह गरिरहेका चिकित्सकहरुको कार्यसम्पादन सन्तोषजनक रहेमा पुनः एक अवधि समय थप गर्न सकिनेछ ।

**५. स्वास्थ्य परीक्षण गर्ने चिकित्सक वा संस्था :**

५.१ मन्त्रालयले सवारी चालक अनुमति - पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको स्वास्थ्य जाँचका लागि प्रत्येक आर्थिक वर्षमा गरिने चिकित्सकहरु पुरा समय (Full Time) सो कार्य गर्न उपलब्ध हुनुपर्नेछ ।अन्य स्वास्थ्य संस्थामा आवद्ध रहि कार्य गरि रहेका चिकित्सकले आवेदन गर्न पाउने छैनन् ।

५.२ एक भन्दा बढी चिकित्सकहरु रही सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न चाहेमा संस्थागत रुपमा आवेदन गर्न सक्नेछन ।संस्थागत रुपमा सेवाग्राहीहरुको स्वास्थ्य जाँचका आवेदन गर्ने संस्थाले प्रत्येक दिनमा उपलब्ध हुने चिकित्सक सहितको तालिका समेत वनाई पेश गर्नुपर्नेछ ।

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

५.३ संस्थागत रुपमा सेवाग्राहीहरुको स्वास्थ्य जाँचका आवेदन गर्ने संस्थाले पार्ट टाईम उपलब्ध हुने चिकित्सकहरु समेत सामेल गरी आवेदन दिन सक्नेछन । तर सेवा प्रवाह तालिका बनाउदा सेवा प्रवाहको अबिच्छिन्नताको प्रत्याभूती गराउनु पर्नेछ ।

५.४ संस्थागत रुपमा सेवाग्राहीहरुको स्वास्थ्य जाँचका आवेदन गर्ने संस्थाले पेश गरेको चिकित्सकको विवरणमा कुनै चिकित्सकले कुनैपनि कारणले सेवामा निरन्तरता दिन नसक्ने भएमा योग्यता पुगेको एक जना सम्म नयाँ चिकित्सकलाई आर्थिक वर्षको विचमा मन्त्रालयको स्वीकृतीमा परिवर्तन गर्नसक्नेछ । तर एकल नेतृत्वको रुपमा आवेदन गर्ने चिकित्सकले कुनै कारणवस सेवा प्रवाह गर्न नसक्ने भएमा त्यससलाई रिक्त मानि प्रतिक्षा सुचिमा रहेका चिकित्सक वा संस्थालाई आर्थिक वर्षको बाकी अवधिको लागि सेवा प्रवाह गर्नको लागि छनोट गर्न सकिनेछ ।

५.५ संस्थागत रुपमा सेवाग्राहीहरुको स्वास्थ्य जाँचका आवेदन गरेतापनि यूजर चिकित्सकको नाममा मात्र जारी गरिने छ र सो यूजर चिकित्सकले सेवा प्रवाह गर्न बन्द गर्ना साथ डियाक्टिभ गरिनेछ ।

## ६. चिकित्सकको जिम्मेवारी :

विद्युतीय सेवा प्रवाहको लागि सम्बन्धित चिकित्सकले निम्नानुसारका काम गर्नुपर्ने छ ।

६.१ प्रणालीमा आफ्नो युजर क्रेडेन्सियल प्रविष्ट गरी लगइन गर्ने ।

६.२ युजर क्रेडेन्सियल प्राप्तिका लागि सम्बन्धित चिकित्सकले सम्बन्धित कार्यालय वा मन्त्रालयको महाशाखा प्रमुख समक्ष निवेदन दिने ।

६.३ सेवाग्राही नियमानुसार चेक गरी प्रणालीमा सही विवरण उल्लेख गर्नेको साथै सवारी चालक अनुमति-पत्रका लागि स्वस्थ / फिट वा अस्वस्थ / अनफिट रहेको प्रमाण-पत्र अपलोड गर्ने ।

६.४ आफ्नो अकाउन्टमा अनधिकृत व्यक्तिको पहुँच हुन नदिन आवश्यक सतर्कता अपनाउने। समय-समयमा आफ्नो पासवर्ड परिवर्तन गर्ने ।

६.५ समयमै आफ्नो युजर एकाउण्ट बन्द गराउने ।

## ७. चिकित्सकको योग्यता

सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्ने चिकित्सकको देहाय अनुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

महाशाखा प्रमुख

प्रदेश सचिव

७.१ कम्तिमा MBBS वा सो सरहको परिक्षा उर्तीण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ ।

७.२ नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल चेक जाचमा संलग्न रहेको,

७.३ नैतिक पतन देखिने र फौजदारी अभियोगमा कसुरदार नठहरेको हुनु पर्नेछ ।

७.४ जनरल फिजिसियन वा जनरल मेडिसिन क्षेत्रमा चिकित्सकिय सेवा प्रदान गरेको हुनु पर्ने छ ।

७.५ कुनैपनि सरकारी सेवामा वा कुनै स्वास्थ्य संस्थामा आवासिय चिकित्सकको रुपमा वा पुरा समय काम गर्ने गरी आवद्धता नभएको हुनु पर्ने छ ।

८. स्वास्थ्य जाचको लागि खटिने जनशक्ती

एक भन्दा बढी चिकित्सकको नेतृत्वमा सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न चाहने कुनै संस्था वा आफ्नो एकल नेतृत्वमा सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न चाहने चिकित्सकले देहाय अनुसारको जनशक्ती समेत सामेल गरी आवेदन गर्नुपर्ने छ ।

८.१ कम्तिमा प्रमाणपत्र तहँ उतीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नर्सिङ्ग वा स्वास्थ्य सहायक वा ल्याव टेक्नीसियन वा स्नातक तह उतीर्ण माईक्रो वायोलोजिष्ट नेपाली नागरिक कम्तीमा एक जना हुनु पर्नेछ ।

८.२ नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल क्षेत्रमा काम गरेको अनुभव,

८.३ नैतिक पतन देखिने र फौजदारी अभियोगमा कसुरदार नठहरेको हुनु पर्नेछ ।

९. पेश गर्नुपर्ने कागजातहरु

एक भन्दा बढी चिकित्सकको नेतृत्वमा सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न चाहने कुनै संस्था वा आफ्नो एकल नेतृत्वमा सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न चाहने चिकित्सकले अनुसूची १ बमोजिमको आवेदन सहित देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

९.१ संस्था दर्ता वा एकल फर्म वा व्यवसाय दर्ताको प्रमाणपत्र।

९.२ प्यान वा भ्याट दर्ताको प्रमाणपत्र ।

९.३ संस्था दर्ता वा एकल फर्म वा व्यवसाय नविकरण तथा कर चुक्ता प्रमाणपत्र।

महाशाखा प्रमुख प्रदेश सचिव माननीय जयराम थापा मन्त्री

९.४ सेवा प्रवाह गर्ने स्थान, कार्यालयको विस्तृत विवरण र कम्तिमा २ वर्षसम्म कायम रहेको घर बहाल सम्झौता पत्र तथा घर बहाल कर तिरेको निस्सा

९.५ चिकित्सक तथा अन्य जनशक्तिको शैक्षिक प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र र अनुभवको कागजात

९.६ चिकित्सक तथा अन्य जनशक्तिको नैतिक पतन देखिने र फौजदारी अभियोगमा कसुरदार नठहरेको तथा कुनैपनि सरकारी सेवामा वा कुनै स्वास्थ्य संस्थामा आवासिय चिकित्सकको रुपमा वा पुरा समय काम गर्ने गरी आवद्धता नभएको स्व घोषणा पत्र,

९.७ कुनै गैर सरकारी स्वास्थ्य संस्थामा पार्ट टाईम काम गर्ने गरी आवद्धता रही संस्थागत रुपमा आवेदन प्राप्त चिकित्सकको हकमा पेश भएको तालिका अनुसारको समयमा उक्त स्वास्थ्य संस्थाका कार्य नगर्ने गरेको भनी प्रमाणित कागजात वा पत्र,

९.८ स्वास्थ्य परीक्षणको क्रममा गरिने रगत जाचँ लगायतका अन्य परिक्षणको लागि आफ्नै प्रयोगशाला भएमा सो को दर्ता प्रमाण पत्र वा कुनै प्रयोगशाला प्रयोग गर्ने गरी सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ ।

१०. अनुगमन तथा निरिक्षण

१०.१ सवारी चालक अनुमती पत्रको लागि गरिने स्वास्थ्य परिक्षण गर्न सुचीकृत भएका चिकित्सक तथा संस्थाको सेवा प्रवाह तथा गुनासाका सम्बन्धमा मन्त्रालय र सम्बन्धित यातायात कार्यालयले निरन्तर अनुगमन गर्न सक्नेछ ।

११. बाधा अड्काउ फुकाउ

यो कार्यविधिमा रहेका व्यवस्थाका सम्बन्धमा कुनै दुविधा उत्पनन् भएमा कार्यविधिको व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउ गर्ने अधिकार मन्त्रालयमा रहने छ ।

महाशाखा प्रमुख

प्रदेश सचिव

मानतीय जयराम थापा
मन्त्री

अनुसूची-१

(दफा ९ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय..........

मितिः

विषयः स्वास्थ्य परीक्षण सेवाको लागि सुचिकृत गरिदिने सम्बन्धमा।

श्री कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय..............................

प्रस्तुत विषयमा सवारी चालक अनुमतिपत्रको लागि लिइने स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्ने कार्यको लागि देहायको कार्यालय अन्तर्गत रही सेवा प्रदान गर्न इच्छुक रहकोले स्वास्थ्य परिक्षण सेवा गर्नको लागि तहाँ कार्यालयमा सुचिकृत गरिदिनु हुन यो निवेदन पेश गरेको छु।

१. सेवा प्रवाह गर्न इच्छुक रहेको यातायात व्यवस्था कार्यलयः

२. सेवा प्रवाह गर्न इच्छुक रहेको यातायात व्यवस्था कार्यलयको स्थानः

३. सेवा प्रदान गर्ने कार्यालय रहेको स्थानः

४. चिकित्सकको नामः

नामः　　　　ठेगानाः

उमेरः　　　　NMC No:

५. अन्य जनशक्तिको

नामः　　　　ठेगानाः

उमेरः　　　　NMC No:

६. संस्थाको फर्म वा व्यवसायको नामः

दर्ता नं.　　　　दर्ता मितिः　　　　ठेगानाः

निवेदक

महाशाखा प्रमुख　　प्रदेश सचिव　　माननीय मन्त्री

संलग्न कागजातहरू

१. संस्था दर्ता वा एकल फर्म वा व्यवसाय दर्ताको प्रमाणपत्र।

२. प्यान वा भ्याट दर्ताको प्रमाणपत्र ।

३. संस्था दर्ता वा एकल फर्म वा व्यवसाय नविकरण तथा कर चुक्ता प्रमाणपत्र।

४. सेवा प्रवाह गर्ने स्थान, कार्यालयको विस्तृत विवरण र कम्तिमा २ वर्षसम्म कायम रहेको घर बहाल सम्झौता पत्र तथा घर बहाल कर तिरेको निस्सा

५. चिकित्सक तथा अन्य जनशक्तिको शैक्षिक प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र र अनुभवको कागजात

६. चिकित्सक तथा अन्य जनशक्तिको नैतिक पतन देखिने र फौजदारी अभियोगमा कसुरदार नठहरेको तथा कुनैपनि सरकारी सेवामा वा कुनै स्वास्थ्य संस्थामा आवासिय चिकित्सकको रुपमा वा पुरा समय काम गर्ने गरी आवद्धता नभएको स्व घोषणा पत्र,

७. कुनै गैर सरकारी स्वास्थ्य संस्थामा पार्ट टाईम काम गर्ने गरी आवद्धता रही संस्थागत रुपमा आवेदन प्राप्त चिकित्सकको हकमा पेश भएको तालिका अनुसारको समयमा उक्त स्वास्थ्य संस्थाका कार्य नगर्ने गरेको भनी प्रमाणित कागजात वा पत्र,

८. स्वास्थ्य परीक्षणको क्रममा गरिने रगत जाचँ लगायतका अन्य परिक्षणको लागि आफ्नै प्रयोगशाला भएमा सो को दर्ता प्रमाण पत्र वा कुनै प्रयोगशाला प्रयोग गर्ने गरी सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ ।

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

अनुसूची-२

(दफा ........ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय...........

मन्त्रालयको छाप

## निरोगिताको प्रमाणपत्र जारी गर्ने कार्यको लागि चिकित्सक/संस्था सुचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा

सवारी चालक अनुमतिपत्रको लागि लिइने स्वास्थ्य परीक्षण सेवाको निरोगिताको प्रमाणपत्र जारी गर्ने कार्यको लागि........................................महा/उप/नगरपालिका वडा नं......... श्री........................................................लाई यस मन्त्रालयको मिति........................... निर्णयानुसार आ.व............को लागि सेवा प्रदान गर्न तोकिएको यातायात व्यवस्था कार्यालयको लागि सूचिकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१. चिकित्सकको नाम थरः NMC No: ठेगाना

२. चिकित्सकको नाम थरः NMC No: ठेगाना

३. चिकित्सकको नाम थरः NMC No: ठेगाना

तयार गर्ने

नाम थरः

पदः

प्रमाणित गर्ने

नाम थरः

पदः

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा

मन्त्री

अनुसूची-३

(दफा ........ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय...........

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडा, नेपाल

## निरोगिताको प्रमाणपत्र जारी गर्ने कार्यको लागि चिकित्सक/संस्थासँग भएको सम्झौता पत्रको ढाँचा

श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपाल (यस पछि प्रथम पक्ष भनिने छ) ..................................महा/उप/नगरपालिका/गाउँपालिका वडा नं. ......, ...........................जिल्ला बस्ने.........................छोरा/छोरी ............................ (यस पछि दोस्रो पक्ष भनिने छ) का बीच निरोगिताको प्रमाणपत्र जारी गर्ने कार्यको लागि विधुतिय माध्यमबाट सवारी चालक अनुमतिपत्रको लागि स्वास्थ्य परीक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०८० मा उल्लेखित शर्तहरुका अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यस मन्त्रालयको निर्णयानुसार (प्रदेश सचिवस्तर) यो सम्झौता गरी एक/एक प्रति बुझी लियौं/दियौं।

दोस्रो पक्षः
दस्तखतः
नाम, थरः
ठेगनाः

प्रथम पक्षः
दस्तखतः
नाम,थरः
पदः

रोहोबरः
दस्तखतः
नाम, थरः

इति सम्वत्........................साल ............ महिना .......... गते रोज ................ शुभम्।

महाशाखा प्रमुख

प्रदेश सचिव

आमन्त्रण

अनुसूची-४

(दफा ........ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडा, नेपाल

**<u>सवारी चालक अनुमति पत्र आवेदकहरुको स्वास्थ्य जाँचका लागि चिकित्सकहरु सूचीकृतको प्रस्ताव</u>**

**<u>मूल्याङ्कनका आधारहरु</u>**

कम्पनी/फर्म/संस्थाको नाम:

ठेगाना:

| सि नं | आधार | | अंकभार वर्गीकरणका आधार | पूर्णाङ्क | अंक | प्राप्ताङ्क | कै |
|---|---|---|---|---|---|---|---|
| | भौतिक अवस्था | कार्यालयको भौतिक सुविधा | कार्यालयमा विश्रामको लागी फर्निचर, ए सी जडान भएको र सरसफाई भएको | १० | १० | | |
| | | | कार्यालयमा विश्रामको लागी फर्निचर, पंखा जडान भएको र सरफाई भएको | | ८ | | |
| | | | कार्यालयमा विश्रामको लागी फर्निचर र सरसफाई भएको | | ६ | | |
| | | | कार्यालय भएको | | ४ | | |
| | | शुल्क भुक्तानीको अवस्था | अनलाईन प्रणालीबाट र नगद भुक्तानीको कम्प्युटराईड विलिङ्ग गर्ने व्यवस्था रहेको | ५ | ५ | | |
| | | | नगद भुक्तानीको कम्प्युटराईड विलिङ्ग गर्ने व्यवस्था रहेको | | ३ | | |
| | | | नगदी हाते रसिद प्रयोग गर्ने व्यवस्था रहेको | | १ | | |
| ख | जनशक्तिको योग्यता | चिकित्सकको योग्यता | कम्तिमा MD वा सो सरहको परिक्षा उर्तीण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल चेक जाचमा संलग्न रहेको, | १० | १० | | |
| | | | कम्तिमा MBBS वा सो सरहको परिक्षा उर्तीण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा पाच वर्ष देखि मेडिकल चेक जाचमा संलग्न रहेको, | | ८ | | |

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कम्तिमा MBBS वा सो सरहको परिक्षा उर्तीण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल चेक जाचमा संलग्न रहेको, | | ६ | | |
| | | सहयोगी जनशक्तिको योग्यता | कम्तिमा प्रमाणपत्र तहँ उतीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नर्सिङ्ग वा स्वास्थ्य सहायक वा ल्याव टेक्नीसियन वा स्नातक तह उतीर्ण माईक्रो वायोलोजिष्ट नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा पाच वर्ष देखि मेडिकल क्षेत्रमा काम गरेको अनुभव रहेको २ जना जनशक्ति | १० | १० | | |
| | | | कम्तिमा प्रमाणपत्र तहँ उतीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नर्सिङ्ग वा स्वास्थ्य सहायक वा ल्याव टेक्नीसियन वा स्नातक तह उतीर्ण माईक्रो वायोलोजिष्ट नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल क्षेत्रमा काम गरेको अनुभव रहेको २ जना जनशक्ति | | ८ | | |
| | | | कम्तिमा प्रमाणपत्र तहँ उतीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नर्सिङ्ग वा स्वास्थ्य सहायक वा ल्याव टेक्नीसियन वा स्नातक तह उतीर्ण माईक्रो वायोलोजिष्ट नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा पाच वर्ष देखि मेडिकल क्षेत्रमा काम गरेको अनुभव रहेको १ जना जनशक्ति | | ६ | | |
| | | | कम्तिमा प्रमाणपत्र तहँ उतीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको नर्सिङ्ग वा स्वास्थ्य सहायक वा ल्याव टेक्नीसियन वा स्नातक तह उतीर्ण माईक्रो वायोलोजिष्ट नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरे पश्चात कम्तिमा तीन वर्ष देखि मेडिकल क्षेत्रमा काम गरेको अनुभव रहेको १ जना जनशक्ति | | ४ | | |
| ग | विशिष्टकृ | प्रयोगशाला | आफ्नै प्रयोगशाला रहेको र अन्य विस्तृत जाचको लागी सुविधा समपन्न प्रयोगशालामा प्राथमिकता | ६ | ६ | | |

महाशाखा प्रमुख

प्रदेश सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सहित परिक्षण गरि द्रुत प्रतिवेदन दिने गरी सम्झौता भएको | | | | |
| | | | आफ्नै प्रयोगशाला नरहेको तर अन्य विस्तृत जाचको लागी सुविधा समपन्न प्रयोगशालामा प्राथमिकता सहित परिक्षण गरि द्रुत प्रतिवेदन दिने गरी सम्झौता भएको | | ४ | | |
| | | विशिष्टकृत जाच व्यवस्था | आखाको विशिष्टकृत जाचको आवश्यकता परेमा सहुलियत रुपमा सो सेवा प्रदान गर्ने गरी आखा अस्पतालसँग सम्झौता भएको | | ३ | | |
| | | | छारे रोग, मुर्छापर्ने रोग लगायत Psychiatric विशिष्टकृत जाचको आवश्यकता परेमा सहुलियत रुपमा सो सेवा प्रदान गर्ने गरी विशिष्टकृतअस्पतालसँग सम्झौता भएको | ९ | ३ | | |
| | | | कानको विशिष्टकृत जाचको आवश्यकता परेमा सहुलियत रुपमा सो सेवा प्रदान गर्ने गरी विशिष्टकृत अस्पतालसँग सम्झौता भएको | | ३ | | |
| | | | **जम्मा** | **50** | | | |

महाशाखा प्रमुख

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री